## एभरेष्ट बैंक लिमिटेडको ३१ औं बार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट):

१. **सभाको काम कारवाही:**

मिति २०८२ साल आश्विन ०९ गते बसेको एभरेष्ट बैंक लिमिटेडको संचालक समितिको ३८९ औं बैठकले निर्णय गरे अनुसार ३१ औं बार्षिक साधारण सभा गर्न निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल गरी निर्णय गर्न संचालक समितिका अध्यक्ष डा. बाल गोपाल बैद्य ज्यूको सभापतित्वमा सम्पन्न भएको यस साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) देहाय बमोजिम छ ।

२. **सभाको मिति, समय र स्थान:**

मिति: २०८२ साल कार्तिक १२ गते बुधबार तदनुसार २९ अक्टोबर, २०२५

समय: बिहान ११:०० बजे

स्थान: आम्रपाली ब्यांक्वेट, भाटभटेनी काठमाडौं ।

३. **सभाको सूचना र सूचना प्रकाशन मिति:**

कम्पनी ऐन, २०६३ को ६७(२) बमोजिम ३१ औं बार्षिक साधारण सभा गर्नका लागि सभा हुने मिति, स्थान र छलफल गर्ने बिषय समेत खोली २०८२ साल आश्विन १२ तथा २०८२ साल आश्विन १३ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

४. **सभामा उपस्थिति:**

**४.१ संचालक समिति / प्रमुख कार्यकारी अधिकृत:**

| | |
|---|---|
| १) डा. बाल गोपाल बैद्य | - अध्यक्ष |
| २) श्री किरण कृष्ण श्रेष्ठ | - संचालक |
| ३) श्री नविन भक्त श्रेष्ठ | - संचालक |
| ४) श्रीमती उर्मिला श्रेष्ठ | - संचालक |
| ५) डा. तारक बहादुर के.सी | - संचालक |
| ६) श्री सुदेश खालिङ | - प्रमुख कार्यकारी अधिकृत |

**४.२ पर्यवेक्षक / पदाधिकारी:**

| | |
|---|---|
| १) श्री सोम सिंह ठकुरी | - प्रतिनिधि, सिडिएस एण्ड क्लियरिङ लिमिटेड |
| २) श्री शम्भु थापा | - बरिष्ठ अधिवक्ता, कानूनी सल्लाहकार |
| ३) श्री मनिष अमात्य | - लेखापरीक्षक |
| ४) श्री योगेन्द्र सिंह उदावट | - नायब प्रमुख कार्यकारी अधिकृत |



EVEREST BANK LTD. Head Office Kathmandu

५) श्री केशव राज पौडेल - नायब महाप्रबन्धक

६) श्री आशुतोष शर्मा - नायब महाप्रबन्धक

७) श्री सिद्धार्थ राना - नायब महाप्रबन्धक

८) श्री सन्तोष कुमार भट्टराई - सहायक महाप्रबन्धक

९) श्री विष्णु प्रसाद ज्ञवाली - सहायक महाप्रबन्धक

१०) श्रीमती अन्जु शर्मा - सहायक महाप्रबन्धक

११) श्री सुरेश चापागाई - कम्पनी सचिव

४.३ शेयरधनीहरुको उपस्थिति (स्वयं तथा प्रोक्सी वा प्रतिनिधि मार्फत) : ९५७ जना |

५. **सभाको गणपूरक संख्या:**

| कुल शेयर संख्या | शेयरधनी संख्या | उपस्थित संख्या | स्वयं | प्रतिनिधि / प्रोक्सी मार्फत | उपस्थिति (शेयर) प्रतिनिधित्व | शेयरको प्रतिनिधित्व (%) |
|---|---|---|---|---|---|---|
| १२९,४४६,९४२.६८ | ६२,३७८ | ९५७ | ९५२ | ५ | ८,८०,९१,६८४ | ६८.०५% |

६. **सभाको वैधानिकता:**

कुनै पनि साधारण सभा सम्पन्न हुनु भन्दा अगावै सभामा उपस्थित शेयरधनीहरुले सो साधारण सभाको वैधानिकता यकिन गर्न पर्ने हुँदा कम्पनी सचिवले निम्न अनुसार शेयरधनीहरुलाई अवगत गराउनु भयो |

(क) कम्पनी ऐन, २०६३ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा भएका प्रावधानहरु बमोजिम रीतपूर्वकको सूचना जारी तथा प्रकाशित गरि आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र नै यो साधारण सभा बोलाईएको थियो | बार्षिक साधारण सभाको सूचना २०८२ साल आश्विन १२ तथा २०८२ साल आश्विन १३ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो|

(ख) कम्पनी ऐन, २०६३ को दफा ६९ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा गरिएका व्यवस्थाहरु बमोजिम यो साधारण सभाको लागि माथि बुँदा नं ५ मा उल्लेखित तालिका बमोजिमको उपस्थितिले आवश्यक गणपूरक संख्या समेत पुगेको र सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य भएको बैंकका कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो |

उपरोक्त अनुसारको जानकारी उपर शेयरधनी महानुभावहरुबाट रीतपूर्वक भएको भनी संतोष व्यक्त गरियो र यस साधारण सभा सम्बन्धि कारवाही आगाडि बढाउन अनुरोध गरियो |

EVEREST BANK LTD. Head Office Kathmandu

## ७. सभाको सभापतित्व र सभा संचालन:

कम्पनी सचिव श्री सुरेश चापागाईले बैंकका उपस्थित संचालकहरुको परिचय गराउदै बैंकको प्रबन्धपत्र/नियमावली अनुसार साधारण सभाको सभापतित्व बैंकको संचालक समिति अध्यक्ष डा. बाल गोपाल बैद्य ज्यूले गर्नु हुने व्यहोरा सभामा जानकरी गराउनु भयो |

तत्पश्चात, सभापति ज्यूको अनुमतिले सभालाई आगाडी बढाउने क्रममा बैंकका कम्पनी सचिव श्री सुरेश चापागाईले सभाको निर्धारित बिषयसूची तथा प्रस्तावहरु पढेर सुनाउनु भयो |

## ८. सभाको बिषयसूची र प्रस्तावहरु:

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन |

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८२ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त आ.व २०८१/८२ को नाफा नोक्सान तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने |

३. मिति २०८२/०५/१९ मा बसेको संचालक समितिको ३८७ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभांश प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

(क) ६% का दरले बोनस शेयर जारी गर्ने - बिशेष प्रस्ताव

(ख) १४% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने

४. प्रबन्धपत्र संशोधन सम्बन्धि बिशेष प्रस्ताव पारित गर्ने,
बैंकले प्रस्तावित बोनस शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्न |

५. आ.ब २०८२/८३ को लागि लेखापरीकक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने |

६. विविध

## ९. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन:

निर्धारित बिषय सूची १ मा उल्लेख भए बमोजिमको संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन प्रस्तुत गर्ने क्रममा बार्षिक प्रतिवेदन शेयरधनीहरुलाई प्राप्त भईसकेको कारणले अनावश्यक पुनरावृत्ति नहोस भन्ने उद्धेश्य एवं समयको बचतका लागी सभापति ज्यूले सभालाई निम्न बमोजिम जानकारी गराउनु भयो |

EVEREST BANK LTD. Head Office Kathmandu

▲ शेयरधनि महानुभावहरुलाई यस ३१ औं साधारणसभामा यहाँहरु सबैलाई स्वागत गर्न पाउँदा खुशी लागेको छ। साधारणसभा दशैं अगाडि नै सम्पन्न गरी लाभांश वितरण गर्ने एभरेष्ट बैंकको परम्परा यस पटक हुन सकेन त्यसको लागि क्षमाप्रार्थी छु। हुन त साधारणसभाको लागि भदौ पहिलो हप्तामै लेखापरिक्षण प्रक्रिया सुरु गरेको हो। तर बिभिन्न कारणहरुले गर्दा, जसमा भाद्र २३/२४ को घटनाहरु पनि पर्दछन्, हाम्रो साधारणसभा ढिलो हुन गएको हो। बैंकिङ् क्षेत्रकै उच्च लाभांशले केहि हद सम्म भए पनि यो ढिलाईको भरपाई भएको होला भन्ने आशा गरेको छु।

▲ आ. ब २०८१/८२ मा पनि यहाँहरु बैंकले राम्रै गर्न सकेको छ भन्ने कुरा यहाँहरु समक्ष भन्न पाउँदा खुशी लागेको छ। बैंकको बार्षिक प्रतिवेदनले यसको यथष्ट पुष्टी गर्दछ। हाम्रो बैंकले राम्रो गरेको कुराको कदर स्वदेश र बिदेशमा पनि भएको छ। उदहारणका लागि : **Ninth Business Conclave 2025** मा **Best Performance Award** र **Indian Chamber of Commerce** को शतबार्षिकीको उपलक्ष्यमा छिमेकी देशका बैंकहरुलाई दिइएको **Best Performance Award, Most Profitable Bank**। यस उपलब्धिका लागि शेयरधनि महानुभावहरुको सहयोग, समर्थन, शुभेच्छा, संचालक समितिको मार्ग दर्शन र व्यवस्थापन / बैंकका सम्पूर्ण कर्मचारी साथीहरुको कडा मेहनत / लगनशीलताका लागि धन्यवाद दिन चाहन्छु। यस महत्वपूर्ण घडीमा म हाम्रो संस्थापक अध्यक्ष स्वर्गीय श्री बि.के श्रेष्ठलाई सम्झन चाहन्छु। बैंकको अहिलेको प्रगति देखेर वहाँ अवश्य पनि सन्तुष्ट हुनु हुन्थ्यो होला। वहाँको सुझबुझपुर्ण मार्गदर्शन र दुरदृष्टिले गर्दा नै बैंक यहाँ सम्म आइपुगेको छ।

▲ बर्तमान परिस्तिथिमा पनि बैंकले खराब कर्जा एक प्रतिशत भन्दा कम (०.३८%) नै राख्न समर्थ भएको छ। यसका लागि अथक प्रयास गर्ने व्यवस्थापन र कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। हाल कायम रहेको हाम्रो खराब कर्जाको प्रतिशत बैंकिंङ् क्षेत्रकै सबै भन्दा कम रहेको छ। समग्र रुपमा बैंकको जोखिम व्यवस्थापन प्रणाली अब्बल रहेको जानकारी गराउद छु।

▲ बैंकले आफ्नो व्यवसायिक अभिवृद्धि साथसाथै देशकै विकासमा पनि सक्दो टेवा पुर्याउदै आएको छ। जलविद्युत परियोजनाहरु, **Tourism** र **Cement/Iron Industry** / खाने तेल लगायतका क्षेत्रमा लगानी गरि समग्र रुपमा देशको आर्थिक उन्नतिमा योगदान पुर्याएको छ।

EVEREST BANK LTD. Head Office Kathmandu

▲ यस बर्ष पनि गत बर्ष झै राम्रो गर्न र शेयरधनि महानुभावहरुलाई उच्च प्रतिफल दिन थप नयाँ चुनौतीहरु छन्:-

- **Gen Z** आन्दोलनको दौरान व्यवसायिक प्रतिष्ठानले भोग्नु परेको नोक्सानी र देशको अस्थिर परिस्थितिले उत्पन्न हतोत्साहित व्यवसायिक मनस्थितिले गर्दा ऋणको माग निरन्तर घटी रहेको छ ।
- बढ्दो तरलता, घट्दो ब्याजदर र **Spread Rate** ले पनि प्रतिफल बढाउन गाह्रो भएको छ ।

▲ यस बर्ष बैंकका रणनीतिहरु निम्न बमोजिम हुने छन्:-

- गत वर्ष देखि ठूलो लगानीमा शुरु गरेको हाम्रो **Hardware / Software upgrading** को पुरा सदुपयोग गरि **Digital Banking** तर्फ उन्मुख भएर लागत घटाउने र **Business** बढाउने
- सम्भाब्य ठाउँमा शाखा थप्ने
- ग्राहकहरुको आवश्यकता अनुरुप नयाँ **Banking Product** ल्याउने
- कर्मचारी क्षमता अभिवृद्धि गरि अझै राम्रो र छिटो/छरितो सेवा प्रदान गर्ने

१०. <u>छलफलका लागि आह्वान</u>:

तत्पश्चात सभापति ज्यूको आज्ञा अनुसार कम्पनी सचिव श्री सुरेश चापागाईंले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए आफ्नो विचार मन्तब्य प्रकट गरी दिनु हुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष बार्षिक प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसाबमा छलफल गर्न आह्वान गर्नु भयो |

आफ्नो मन्तब्यको क्रममा सम्पूर्ण वक्ता शेयरधनी महानुभावहरुले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र साधारण सभा सम्पन्न गरेकोमा बैंक व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दै शेयरधनीरुलाई ६% बोनस शेयर जारी गर्ने तथा १४% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने सिफारिश गरेकोमा सो प्रस्ताव स्वागत गर्नु भयो |

शेयरधनी महानुभावहरुले बैंकले हासिल गरेको सफलता र उचाईलाई कायम राख्दै शेयरधनीहरुलाई प्रदान गर्दै आएको बोनस शेयर तथा नगद लाभांशको प्रतिशत भबिष्यमा पनि नघटोस भन्ने आकांक्षा ब्यक्त गर्नु भयो | अधिकांश शेयरधनी महानुभावहरुले सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम सम्बन्धित वर्गमा सहि रुपमा प्रयोग गर्न र समग्र रुपमा बैंकको खर्च कटौती गरि आगामी दिनमा उच्च प्रतिफल दिन सुझाब

EVEREST BANK LTD. Head Office Kathmandu

दिनु भयो। साथै, अधिकतम शेयरधनी महानुभावहरुले शेयर कर्जा सम्बन्धि व्यवस्था सहज र सरल बनाउन सुझाव दिनु भयो।

३१ औं बार्षिक साधारण सभामा निम्न बमोजिमका वक्ताहरुले आपनो राय,सल्लाह र सुझावहरु पेश गर्नु भएको थियो:

१. श्री जगन्नाथ आचार्य
२. श्री सुदिप श्रेष्ठ
३. श्री ब्रम्हदेव शाक्य
४. श्री इन्द्र प्रसाद लामिछाने
५. श्री गोबिन्द बहादुर के. सी
६. श्री ब्यास कुमार शर्मा
७. श्री उद्धब प्रसाद घिमिरे
८. श्री बैजुनाथ प्रसाद रौनियार
९. श्री भक्ति प्रसाद उप्रेती
१०. श्री उत्तम दत्त पाण्डे (लिखित सुझाब दिनु भएको)
११. श्री शत्रुघन श्रेष्ठ
१२. श्री निरुपमा यादव
१३. श्री रोज कुमार श्रेष्ठ
१४. श्री चन्द्र नारायण श्रेष्ठ
१५. श्री श्री गुणराज भट्ट
१६. श्री कुबेर बहादुर श्रेष्ठ
१७. श्री लवराज जोशी
१८. श्री कृष्ण प्रसाद अधिकारी
१९. श्री विरोचन श्रेष्ठ
२०. श्री रतन कुमार चौधरी
२१. श्री ध्रुबराज न्यौपाने
२२. श्री उत्सब श्रेष्ठ
२३. श्री जीवन लाल बज्राचार्य
२४. श्री गणेश गिरी

EVEREST BANK LTD. Head Office Kathmandu

**प्रमुख कार्यकारी अधिकृतज्यूबाट प्रत्युत्तर:**

प्रमुख कार्यकारी अधिकृत ज्यूले शेयरधनी महानुभावहरुले बैंकको बार्षिक प्रतिवेदन तथा हरहिसाब उपरको छलफलमा सक्रिय रुपमा प्रभावकारी तवरबाट धैर्य धारण गरी सहभागी हुनु भएकोमा धन्यवाद दिनु भयो र शेयधनी महानुभावहरुबाट व्यक्त मन्तब्य सुझाब तथा सल्लाह,जिज्ञासा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भब भएसम्म सल्लाह तथा सुझाबहरुलाई लागू गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो ।

**११. सभाको निर्णयहरु:**

१. निर्धारित बिषय सूची नं. १ अनुसार संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन अनुमोदनका लागि पेश हुँदा सर्वसम्मतिबाट अनुमोदन गरियो |

२. निर्धारित बिषय सूची नं. २ अनुसार लेखापरीकक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८२ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त २०८१/८२ को नाफा नोक्सान हिसाव तथा सोही अवधि नगद प्रवाह बिबरण छलफल गरी पारित गर्ने प्रस्ताव पेश हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो |

३. निर्धारित बिषय सूची नं. ३ अनुसार मिति २०८२/०५/१९ मा बसेको संचालक समितिको ३८७ औं बैठकले, शेयरधनीहरुलाई हालको चुक्ता पूँजीको ६% का दरले हुने रु. ७७,६६,८१,६५६/- बराबरको बोनस शेयर र १४% का दरले हुने रु. १,८१,२२,५७,१९८/- बराबरको नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरि पारित गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४. निर्धारित बिषय सूची नं. ४ अनुसार प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा देहाय बमोजिमको संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित भयो |

**बैंकको प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा संशोधन**

| हाल भईरहेको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|
| **५(ख)**<br>बैंकको तत्काल जारी पूँजी रू. १२,९४४,६९४,२६८/- (अक्षरेपी: बाह्र अर्ब चौरानब्बे करोड छयालिस लाख चौरानब्बे हजार दुई सय अडसठी रूपैया) हुने छ । | **५(ख)**<br>बैंकको तत्काल जारी पूँजी रू. १३,७२१,३७५,९२४/- (अक्षरेपी: तेह्र अर्ब बहत्तर करोड तेह्र लाख पचहत्तर हजार नौ सय चौबिस रूपैया) हुने छ । |
| **५(ग)**<br>बैंकको तत्काल जारी पूँजी रू. १२,९४४,६९४,२६८/- | **५(ग)**<br>बैंकको तत्काल जारी पूँजी रू. १३,७२१,३७५,९२४/- (अक्षरेपी: तेह्र |

EVEREST BANK LTD. Head Office Kathmandu

| | |
|---|---|
| (अक्षरेपी: बाह्र अर्ब चौरानब्बे करोड छयालिस लाख चौरानब्बे हजार दुई सय अडसठी रूपैया) हुने छ । | अर्ब बहत्तर करोड तेह्र लाख पचहत्तर हजार नौ सय चौबिस रूपैया) हुने छ । |

५. निर्धारित बिषय सूची नं. ६ अनुसार आ.ब २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावका सम्बन्धमा बैंकको लेखापरीक्षण समितिले तीन जना लेखापरीक्षक क्रमस: (१) G.P. Rajbahak & Co Chartered Accounts, (२) SAR & Associates (३) PKF TR Upadhyaya & Co. र (४) Sujan Kafle & Associates को नाम साधारण सभामा नियुक्ति लागि सिफारिश गरे बमोजिम उक्त फर्महरुको बैंकिंङ अनुभव, लेखापरीक्षणको निम्ति शुल्क, कार्य कुसलता तथा फर्मका दक्ष कर्मचारी संख्या लगायतका मापदण्डहरुलाई मध्यनजर गरि बैंकको लेखापरीकक्षक नियुक्ति सम्बन्धी नीतिले तोके बमोजिम प्राप्त अंकका अधारमा **<u>G.P. Rajbahak & Co. Chartered Accountants</u>** लाई लेखापरीक्षकमा नियुक्त गर्ने र पारिश्रमिकको हकमा जम्मा रु. ३०,००,०००/- (अक्षरेपी तीस लाख रुपैयाँ ) र सो मा लाग्ने कर समेत प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

**१२. <u>धन्यवाद ज्ञापन:</u>**

सभापति ज्यूले अपेक्षा गरिए भन्दा धेरै संख्यामा शेयरधनी महानुभावहरु अत्याधिक जोश,जाँगर,उत्साह र उमंगका साथ साधरण सभामा भाग लिई साधरण सभामा सक्रिय रुपमा छलफलमा संलग्न भई सफलता पुर्वक सुसम्पन्न गर्नु भएकोमा शेयरधनी महानुभावहरुका साथै सम्बन्धित सबैलाई धन्यवाद दिनु भयो ।

**१३. <u>सभा विसर्जन:</u>**

अन्तमा सभाका लागि प्रस्तुत सम्पूर्ण बिषय सूची उपर छलफल तथा निर्णय भएकोले उपस्थित शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिनु हुँदै अध्यक्ष ज्यूले अपरान्ह ३:५२ बजे सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| ........................ | EVEREST BANK LTD. Head Office Kathmandu | ........................ |
| **सुरेश चापागाईं** | | **डा. बाल गोपाल बैद्य** |
| **कम्पनी सचिव** | | **अध्यक्ष** |

मिति: २०८२/०७/१९